# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## प्रशासन निर्देशनालय
## जनशक्ति विभाग
## कर्मचारी प्रशासन महाशाखा
## कर्मचारी प्रशासन अभिलेख

पत्र संख्या : २०७३/०७४ च.नं. : ९८४ मिति :२०७३।०९।२५

श्री कार्यकारी निर्देशकको कार्यालय,ने.वि.प्रा. ।
श्री आन्तरिक लेखा परिक्षण विभाग,ने.वि.प्रा. ।
श्री प्रशासन निर्देशनालय,ने.वि.प्रा. ।
श्री अर्थ निर्देशनालय,ने.वि.प्रा. ।
श्री प्रशारण निर्देशनालय,ने.वि.प्रा. ।
श्री उत्पादन निर्देशनालय,ने.वि.प्रा. ।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय,ने.वि.प्रा. ।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय,ने.वि.प्रा.।
श्री योजना अनुगमन तथा सुचना प्रविधि निर्देशनालय,ने.वि.प्रा. ।
श्री आयोजना व्यवस्थापन निर्देशनालय,ने.वि.प्रा. ।

श्री माथिल्लो तमाकोशी जल विद्युत कम्पनी
श्री चिलिमे जल विद्युत कम्पनी
श्री त्रिशली जल विद्युत कम्पनी
श्री तनहु जल विद्युत कम्पनी

विषय : परिपत्र ।

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा विनियमावली २०६२(सं.स.) को विनियम ८४ मा व्यवस्था भए अनुसार "कर्मचारीको उमेर ५८ बर्ष पुरा भएपछि प्राधिकरणको सेवाबाट अनिवार्य अवकाश पाउनेछ । तर तह १२ को जुनसुकै सेवा/समुह को पदमा ५ बर्ष सेवा अवधी पुरा भएमा उमेर ५८ बर्ष पुरा नभए पनि अनिवार्य अवकाश पाउने छ ।" त्यस्तै सोही विनियमावलीको विनियम ९३(१)(२) र (३) मा व्यवस्था भएको उमेर गणना सम्वन्धी प्रावधान अनुसार उमेरको हिसाव गरी विनियममा ब्यपस्था भएको वारेमा सम्वन्धित सवैलाई अवगतै छ ।

यसरी विनियममा ब्यवस्था भएअनुसार जनाउ पत्र/अवकाशको पत्र नदिएको/नपाएको कारण देखाइ सेवा अवधी भन्दा बढी सेवारत रहेको अवस्थामा त्यस्ता कर्मचारीको अवकाश हुनुपर्ने मिति भन्दा बढी सेवारत रहेको अवधीमा भुक्तानी लिएको तलब, भत्ता, थप संचयकोषको अनुदान रकम, बीमा वापतको रकम, पोशाक खर्च, विद्युत सुविधा वापतको रकमका साथै निजले सेवारत रहदाको बखतमा कार्यालयबाट लिएको सम्पूर्ण आर्थिक सुविधा, ओभरटाईम, इन्सेन्टिभ, काउन्टर भत्ता लगायतको एकमुष्ट रकम सम्वन्धीत कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल भौचर सहीत प्राप्त भए पश्चात मात्र अनिवार्य अवकाश हुने मितिबाट अवकाश मिति कायम गरी सोही मितिबाट निवृत्तिभरण/उपदान पाउने व्यवस्था गर्ने भनी मिति २०७३।०९।२४ मा (श्री कार्यकारी निर्देशकज्यु स्तरबाट) निर्णय भएकोले यो परिपत्र गरिएको छ । सोही निर्णय अनुसार गर्नु गराउनुको साथै सम्पूर्ण आफ्नो मातहतका कार्यालयका कर्मचारीलाई जानकारी गराउने व्यवस्थाका लागि समेत अनुरोध गरिन्छ ।

०७३।९।२५

(लोकेन्द्र कुमार थापा)
निर्देशक
जनसाधन विभाग